## बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

**खण्डः ८** **संख्याः १३** **मितिः २०८१/०७/२३**


**भाग - २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको कायविधि सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**बीउँपूजी परिचालन कार्यविधि,२०७९** (दोस्रो पटक संशोधन, २०८१ सहित)

**प्रस्तावना** : कृषि व्यवसाय सञ्चालनको लागि बाली वस्तुहरुको उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धि कार्यको सुरुवाती चरणमा बीउँपूजी उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न बीउँपूजी परिचालन बाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ र बागमती गाउँपालिकाको  कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरि यस गाउँपलिकाको कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

**परिच्छेद -१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “बीउँपूजी परिचालन कार्यविधि, २०७९” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :  विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **"आवेदक"** भन्नाले बीउपूजी परिचालन गर्नको लागि बागमती गाउँपालिका कृषि तथा पशुपंछी विकाश शाखा समक्ष आवेदन दिने कृषि फार्म,कृषि कम्पनी, कृषि उद्यमी, कृषक समूह र कृषि सहकारीहरूलाई सम्झनु पर्छ ।

ख. **"कृषि व्यवसाय"**भन्नाले देहायको व्यवसाय सम्झनु पर्छः-

१) व्यवसायिक उद्देश्यले गरिने पशुपालन , कृषि बाली वा बस्तुको उत्पादन,

२) कृषिजन्य वस्तुको संकलन भण्डारण वा प्रशोधन

३) कृषि तथा पशु उपजको व्यापार

४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक तथा प्राङ्गारिक मलको उत्पादन भण्डारण र ,वितरण

५) कृषि उत्पादनको लागि प्रयोग हुने बीउ,बेर्ना ,नश्ल र भुराको उत्पादन उत्पादन , परामर्श ,भण्डारण र वितरण ,सेवा

६) कृषि तथा पशुपालनमा प्रयोग हुने औषधि एवं विषादीको उत्पादन,परामर्श ,भण्डारण तथा बिक्री व्यवसाय,

७) कृषि उत्पादनको लागि आवश्यक सिचाइ तथा उच्च प्रविधियुक्त खेतिका लागि आवश्यक यन्त्र उपकरण,सामाग्री उत्पादन,बिक्री वितरण तथा मर्मत सम्भार ,

८) कृषि तथा पशुपालन यन्त्र र यान्त्रिक उपकरणको उत्पादन तथा बजारीकरण,

९) कृषिजन्य उद्योग (जस्तै- दाना, घाँस, छाला, हाड, साईलेज)व्यवस्थापन र सञ्चालन ।

१०) पशु , पंछी तथा मत्स्य व्यवसाय संचालन, उत्पादन प्रवर्धन तथा व्यवस्थापन

ग. **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ ।

घ. **"प्रदेश"** भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ ।

ङ. **"जिल्ला "** भन्नाले मन्त्रालय मातहतको जिल्ला कृषि विकास कार्यालयलाई सम्झनु पर्छ ।

च. **"कार्यलय"**भन्नाले बागमती गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

छ. **"गाउँपालिका"** भन्नाले बागमती गाउँपालिकाको झुरझुरे मकवानपुर बागमती प्रदेशलाई सम्झनु पर्दछ।

ज. **"अध्यक्ष"**भन्नाले बागमती गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

बागमती गाउँपालिका, मकवानपुर

झ. “**उपाध्यक्ष**” भन्नाले बागमती गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

ञ. **"कृषि तथा पशुपंछी विकाश शाखा"** भन्नाले बागमती गाउँपालिका कृषि तथा पशुपंछी विकाश शाखा सम्झनु पर्छ ।

ट. **“लाभग्राही”**भन्नाले बीउँपूजी परिचालनको लागि छनौट भएका आवेदकलाई सम्झनु पर्छ ।

३. **<u>लगानी योग्य क्षेत्र</u>**ः१)बीउँपूजीको उपयोग अनुसूची-१ मा उल्लेखित कृषिका सहक्षेत्रसगँ सम्बन्धि व्यवसायमा देहाय अनुसारका कार्यहरुको लागि रकम उपलब्ध गराईने छ ।

(क) पशु तथा कृषि उत्पादन सम्बद्ध पुर्वाधार निर्माण,

(ख) भण्डारण तथा प्रशोधन सम्बद्ध पुर्वाधार निर्माण,

(ग) उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्बद्ध यन्त्र, उपकरण, मेशिनरी, ढुवानी साधन खरिद,

(घ) * पालिका क्षेत्रमा पशुपंछी विकास उत्पादन प्रवर्द्धन बजारिकरण तथा बीउँपूजी कोष परिचालन समितिले कृषि तथा पशुपंछी सम्बन्धित क्षेत्रमा तोके बमोजिमको अन्य कार्य ।

## परिच्छेद -२

## <u>संस्थागत व्यवस्था</u>

४. **<u>कार्यक्रम कार्यान्वयन</u>**ः बीउँपूजी परिचालन कार्यक्रम यस गाउँपालिकाको निर्णय बमोजिम हुनेछ।

५. **<u>बीउँपूजी परिचालन समितिः</u>** (१) स्वीकृत कार्यक्रम र बजेट अनुसार कृषि व्यवसायमा बीउँपूजी परिचालन गर्न गाउँपालिकामा देहाय बमोजिम एक बीउँपूजी परिचालन समिति गठन गरिने छ।

| | |
|---|---|
| क. गाउपालिका अध्यक्ष | - संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ग. आर्थिक विकास संयोजक | - सदस्य |
| घ. पशु प्राविधिक एकजना | - सदस्य |
| ङ. सम्पूर्ण वडाका वडा अध्यक्ष | - सदस्य |
| च. लेखा शाखा प्रमुख | - सदस्य |
| छ. कृषि/पशु प्राविधिक एक जना | - सदस्य |
| ज. कृषि /पशु विकास शाखा प्रमुख | -सदस्य सचिव |

* दोस्रो संशोधनबाट संशोधन गरिएको।

(कृषि सम्बन्धि बिउपुजी परिचालन समितिको हकमा कृषि विकास शाखा प्रमुख सदस्य सचिव र पशु सम्बन्धि बिउपुजी परिचालन समितिको हकमा पशु शाखा प्रमुख सदस्य सचिव रहने छ )

(२) समितिले बढिमा दुई जनासम्म विषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विशेष लगानीको क्षेत्र पहिचान गरी स्वीकृतीको लागि कार्यपालिकामा पेश गर्ने,

(ख) आवेदकको व्यवसायीक योजना विश्लेषण गरी वस्तुनिष्ठ लाभग्राही छनोटको लागि सिफारिस गर्ने,

(ग) बीउपूजी परिचालनमा सदुपयोग भए/नभएको अनुगमन गर्ने,

(घ) बीउपूजी परिचालनको लागि कार्ययोजना बनाउने।

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन र बीउँपूजी परिचालन सम्बन्धी व्यवस्था

६. **कार्यक्रम सञ्चालन प्रक्रियाः**(१) बागमती गाउँपालिकाले बीउँपूजी कोष परिचालन कार्यक्रम कार्यान्वयनको लागि अनुसूची-२ को ढाँचामा आवेदकहरुबाट प्रस्ताव माग गर्नेछ।

(२) आवेदकले अनुसूची-३ बमोजिमको निवेदनका साथ सोही अनुसूचीमा उल्लेखित कागजातहरु समेत पेश गर्नुपर्नेछ ।

(३) लाभग्राहीको छनोट दफा ५ बमोजिमको कार्ययोजना अध्ययन गरि अनुसूची — ८ बमोजिमको स्थलगत अनुगमन पश्चात बीउँपूजी परिचालन समितिद्वारा हुनेछ ।छनोटको लागि आवश्यकता भएमा अनुसूची — ९ प्रयोग गर्न सकिने छ ।

(४) छनौट भएका लाभग्राहीसगँ गाउँपालिकाले अनुसूची-४ बमोजीमको सम्झौता गर्नेछ ।सम्झौतालाई आवश्यकता अनुसार परिमार्जन गर्न सकिने छ ।

(५) आवेदन माग भएको अन्तिम मिति सम्म पर्याप्त आवेदन दर्ता नभएको खण्डमा म्याद थप गरि पुन सूचना प्रकाशन गर्न सकिनेछ ।

७. **ब्याजदर**ः गाउँपालिकाद्वारा यस कार्यविधि बमोजीम प्रवाह हुने बीउँपूजीमा ब्याज लाग्ने छैन ।

८. **बिउँ पूजीको अधिकतम सीमा**ः (१) अनुसूची-१ मा उल्लेखित कृषि व्यवसाय सञ्चालनको लागि व्यवसायीक योजनाको आधारमा प्रति लाभग्राही व्यक्तिगत फर्मको हकमा प्रति परियोजना हुने लगानीको बढीमा ८० प्रतिशत वा स्वीकृत कार्यक्रमको लक्ष्य र बजेटलाई आधार मानि अधिकतम १० लाख सम्म तथा

कृषक समुह / सहकारी / डेरीको हकमा प्रति परियोजना हुने लगानीको बढीमा ८० प्रतिशत वा स्वीकृत कार्यक्रमको लक्ष्य र बजेटलाई आधार मानि अधिकतम रु.१० लाख सम्म बीउपुजी उपलब्ध गरईनेछ ।

(२)गाउँपालिकावाट सञ्चालन हुने उत्पादनमुखि कृषि, पशुपन्छी तथा मत्स्य विकास क्रियाकलापको हकमा परियोजना लगानीको बढीमा ८० प्रतिशत वा रु. १० लाखसम्म हुनेछ ।

(३) कृषि व्यवसाय सम्बन्धि प्रशोधन र बजारीकरणको लागि गाउँपालिकावाट सञ्चालन हुने कार्यक्रमको हकमा परियोजना लगानीको बढीमा ८० प्रतिशत वा स्वीकृत कार्यक्रमको लक्ष्य र बजेटलाई आधारमानी बीउँपूजी उपलब्ध गराईनेछ ।

४) व्यक्तिगत फर्मको हकमा रु. एक लाख सम्म बिउं पुंजी परिचालन विना धितो वडा तथा सहकारीको रोहबरमा गर्न सकिने छ भने सहकारीको हकमा कार्यपालिकाले निर्णय गरेमा रु. १० लाख सम्मको विउं पूंजी रकम प्रवाह गर्न सकिने छ ।

९. **बीउँपूजी फिर्ता अवधि र सेवा शुल्क सम्बन्धी व्यवस्था :** (१) बीउँपूजीको फिर्ता अवधि बढीमा तिन वर्षको हुनेछ । लाभग्राही सगँ बिउपूजिको किस्ता असुली तथा भुक्तानी अवधीको निर्धारण कृषि व्यवसायको प्रकृति र बिउँपूजिको आकार हेरी बीउँपूजी परिचालन समितिले तोक्नेछ र सम्झौतामा यस विषयलाई उल्लेख गरिनेछ

(२) उपदफा १ मा जेसुकै लेखिएतापनि बीउँपूजीको पहिलो किस्ता लगानी र अन्तिम किस्ता असुलीको अवधि बढीमा तिन वर्षको हुनेछ ।प्रथम पक्ष तथा दोस्रो पक्ष विचको आपसी समझदारीमा किस्ता असुली वा एकमुस्ट रकम फिर्ता गर्ने विषय तय गर्न सकिने छ ।कार्यालयले आवश्यक ठानेमा कुनैपनि बेला पुर्व सुचना प्रदान गरि विउं पूंजी रकमको किस्ता भुक्तानी माग गर्न सक्नेछ ।

(३) गाउँपालिकाले बीउँपूजी लगानी र असुलि सम्बन्धि कुनै सेवा शुल्क लिने छैन । तर, लाभग्राहीले समयमा किस्ता भुक्तानी नगरेमा नेपाल राष्ट्र बैकले तोकिदिएको मापदण्डमा रहेर हर्जाना लिन बाधा पुग्नेछैन ।

(४) तोकिएको प्रतिफल पुरा नभएमा त्यस्तो परियोजनाको सम्झौता रद्द गरि असुल उपर गरिनेछ ।

(५) सहकारीको रोहबरमा भएका सम्झौताहरुमा सहकारीले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने छ।

१०. **सुरक्षण**:(१) कृषक समुह वा दर्ता भएका व्यवसायीक कृषि फार्महरुको हकमा दश लाखसम्म बीउँपूजी प्रवाह गर्दा बीउपूजी प्रवाह हुने परियोजना नै सुरक्षण रहनेछ ।उक्त बीउँपूजी

प्रवाह गर्दा संस्थाका मुख्य पदाधिकारी जिम्मेवार रहनुपर्ने छ , व्यक्तिगत फर्मको हकमा फार्म संचालक जिम्मेवार रहनुपर्ने छ ।

(३) रु. दश लाख भन्दा बढी बीउँपूजी प्रवाह गर्दा प्रबाह गरिने पूजीको भन्दा कम्तिमा २० % बढी मुल्यांकन भएको जग्गा रोक्का वा प्रवाह हुने पुजी बराबरको ५ वर्ष वा बीउ पुजी फिर्ता गर्ने अवधिको बैक सुरक्षणको(Bank Guarantee) सुनिश्चितता गर्नुपर्नेछ। जग्गा रोक्का गरि बिउपिजु उपलब्ध गराउने सम्बन्धमा अन्य निकायबाट पहिलेनै जग्गा रोक्का रहे/नरहेको एकिन गरि रोक्का नरहेको जग्गालाई मात्र सुरक्षणमा राखिनेछ ।

११. **<u>बीउँपूजी कोष फिर्ता गर्नुपर्ने</u>**: (१) देहायमध्ये कुनै एक अवस्थामा लाभग्राहीले बीउँपूजी रकम फिर्ता गर्नुपर्नेछ ।

(क)सम्झौता अवधि समाप्त भएमा,

(ख)कार्य सम्पादन सन्तोषजनक नभएमा,

(ग) बीउँपूजी परिचालन समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरेमा ।

२) उपदफा १ बमोजीम लाभग्राहीले बीउँपूजी कोष फिर्ता नगरेमा उक्त रकम सरकारी बाकी सरह असुल उपर गरिनेछ ।असुल उपर गर्ने सम्बन्धमा सम्झौता गर्ने दोस्रो पक्षको तर्फबाट हस्ताक्षर गर्ने व्यक्ति मुख्य जिम्मेवार हुनुपर्ने छ ।

३) समय अवधि सकिएपछी वा समय अगावै बीउँपूजी कोष फिर्ता गर्नको लागि, यस कार्यालयको आर्थिक प्रशासन शाखामा सम्पर्क गरि यस गाउँपालिकाको विविध खर्च खाता, “०६२०१००४००००११” सानिमा बैंक, बागमती शाखामा जम्मा गर्नुपर्ने छ, र त्यसको सक्कल भौचर निवेदन सहित यस कार्यालयमा पेश गर्नुपर्ने छ ।

## परिच्छेद -६

## <u>अन्य व्यवस्था</u>

१२. **<u>बीमा सम्बन्धी व्यवस्था</u>**: (१) यस कार्यविधि बमोजिम बीउँपूजी परिचालन गर्दा कृषि व्यवसायको अनिवार्य बीमा गर्नु पर्नेछ ।

(२) यो कार्यविधि अनुसार व्यवसायिक कार्यका लागि अनुदान प्राप्त गर्ने अनुदानग्राही फर्म / भौतिक पूर्वाधारको समेत बिमा गर्न सक्नेछ ।

(३) अनुदानग्राहीले कृषि सम्बन्धि बिमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार अनुदानग्राही स्वंयम हुनु पर्नेछ ।

१३. **दोहोरोपना नहुनेः** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन सघीय सरकार ,प्रदेश सरकार तथा स्थानीय तह र अन्य कुनै निकायबाट कार्यान्वयन हुने आयोजनाहरुसंग सम्भव भएसम्म दोहोरोपना नहुने गरि आवश्यक समन्वय गरेर कार्यक्रम संचालन गर्नु पर्नेछ । दोहोरोपना हुने अवस्थामा , आवश्यक कारण खुल्ने गरि विउं पूंजी समितिले निर्णय गर्नुपर्ने छ ।

१४. **दोहोरो सुविधा लिन नपाउने :** अनुदानग्राहीले एकै प्रकारका कामको लागि संघ वा प्रदेश वा स्थानीय तहवाट कार्यान्वयन हुने यस्तै प्रकृतिका कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । तर अन्य साझेदार निकायसंग स्पस्टसंग सम्झौता भई लागत ईष्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा छैन । साथै वहुवर्षीय प्रकृतिका आयोजना तथा एकै कृषक/फर्म/समुह वा अन्य अनुदानग्राहीले सम्झौतामा स्पस्ट पारी फरक कार्य गर्ने गरि अनुदान प्राप्त गर्न बाधा पर्ने छैन ।

१५. **प्राथमिकता दिईनेः** हालसम्म कुनै पनि सरकारी निकायहरुवाट सहुलियत ऋण प्राप्त नगरेका व्यवसायिलाई प्राथमिकता दिईनेछ ।

१६. **कारबाही सम्बन्धी व्यवस्थाः** यस कार्यविधि अनुसार बीउँपूजी लिई समयमानै भुक्तानी नगर्ने लाभग्राहीहरुलाई प्रचलित ऐन कानून तथा कार्यविधिको आधारमा कारबाही गरिनेछ । साथै , लाभग्राहीलाई कालो सूचिमा राख्नको लागि सिफारिस समेत गरिनेछ

१७. **संशोधनः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

१८. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका प्रकियाको सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्यमा बुदाँहरु प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ ।

## परिच्छेद -७

## कार्यक्रम संचालन

१९. **बैठक तथा अनुगमनः** नियमित बस्ने बैठक तथा अनुगमनको निम्ति खर्च प्रचलित नियमानुसार प्रयोग गर्न सकिने छ ।

२०. **बिषेश अवस्थाः** [*] बीउँपूजी परिचालन समितिको निर्णयमा पशु ढुवानी तथा बजारीकरणको निम्ति गाउँपालिकाले विनियोजित बजेटबाट आवश्यकता अनुसार ५० प्रतिशत देखि १०० प्रतिशत सम्म अनुदान प्रदान गर्न सकिनेछ। गाईभैंसी जस्ता पशुजन्य खरिदमा/ बीउँपूजी माग भएमा खरिद भएपछी सम्पुर्ण विवरण हेरी खरिदको ८० प्रतिशत सम्म एकमुस्ट भुक्तानी दिन सकिनेछ। साथै अन्य अवस्थामा पनि बीउँपूजी समितिले निर्णय गर्न सकिनेछ ।बिउविजन बजार थोपा सिंचाई विषादी प्रयोग गर्ने उपकरण र सुरक्षाका सामाग्री व्यवस्थापन सामाग्री मल्चिङ्ग प्लास्टी, ग्रीन नेट, काट्छाटका उपकरण, टनेल प्लास्टीक, नर्सरी प्लास्टिक नेट, तथा अन्य यन्त्र उपकरणहरु खरिदमा बीउँपूजी माग भएमा खरिद भएपछी सम्पूर्ण विवरण हेरी खरिदको एकमुस्ट भुक्तानी दिन सिकिनेछ। सहकारीको हकमा बीउँपूजी समितिले आवश्यक ठानेमा कार्यक्रम संचालन प्रक्रियालाई सहज बनाउन कार्यपालिकाले जोखिम बहन गर्ने गरि पेश्की स्वरुप रकम प्रदान गर्न सकिनेछ ।

२१. **जोखिम बहनः** बीउँपूँजी परिचालन वा सञ्चालन प्रकृयामा आईपर्ने जोखिम बहन बागमती गाउँ कार्यपालिकाले गर्ने छ।

[*] दोस्रो संशोधनबाट संशोधन गरिएको।

बागमती गाउँपालिका, मकवानपुर

अनुसूची-१

दफा ३ सगँ सम्बन्धित

सञ्चालन हुने कृषि व्यवसायमा

क। खाद्यान्न बाली,

ख। बागवानी जन्यः फलफुल, तरकारी, कन्दमूल, मसलाबाली, पुष्प

ग। पशुपन्छी तथा मत्स्य,

घ। माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन

ङ। च्याउ,

च। मौरी, रेशम,

छ। चिया, कफि, अलैची, सुपारी,

ज। तेलहन,दलहन,

झ। कपास, जुट, उखु,रबर खेती,

ञ। कृषि पर्यटन,

ट। कृषि तथा पशुपन्छीजन्य उत्पादनको प्रशोधन उद्योग,

ठ। कृषि तथा पशुपन्छीजन्य उत्पादन सामाग्री(दाना, मलखाद, विषदी, औषधि)आदिको उत्पादन उद्योग,

ड। खेती प्रणलीमा समाविष्ट कृषि तथा पशुपन्छीजन्य वस्तुहरु,

ढ। कानूनले निषेध नगरेको अन्य कृषि व्यवसाय

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची-२

### (दफा ६ को उपदफा २ सगँ सम्बन्धित)

### प्रस्ताव आव्हानको सूचना

यस बागमती गाउँपालिका ,.........को आर्थिक वर्ष........................ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बीउँपूजी कोष परिचालन कार्यक्रम सञ्चालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन सम्ममा कार्यालय समयभित्र आइपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित गाउँकार्यपालिको कार्यलयमा आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

१. विउँपुजी मागको आवेदन ।
२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्था (कृषक समूह/निजि कृषि फार्म) को हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्था (कृषक समूह/निजि कृषि फार्म)को हकमा स्थायी लेखा नम्बर(PAN), कर चुक्ता र दर्ता
४. संस्था तथा फर्मको हकमा लेखा परिक्षणको प्रमाणित प्रतिलिपि,
५. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/साझेदारी फर्मको हकमा),
६. अनुसूची -३ अनुसारको आवेदन,
७. खेति गरिन जग्गाको लालपुर्जाको फोटोकपी वा वडा कार्यालयको प्रमाणित प्रति वा भाडामा लिएर खेति गरिने भए कम्तिमा ५ वर्षको भाडा सम्झौताको प्रतिलिपि
८. व्यवसायीक योजना कम्तिमा ३वर्षको
९. बैक सुरक्षण,
१०. सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र।

बागमती गाउँपालिका, मकवानपुर

अनुसूची- ३

(दफा ६ को उपदफा २ सगँ सम्बन्धित)

**आवेदन फाराम**

मितिः

श्रीमान् प्रमुखज्यू,
बागमती गाउँपालिको कार्यलय,
झुरझुरे, मकवानपुर।

**विषयः कार्यक्रममा सहभागी गरिदिने वारे ।**

महोदय,

प्रस्तुत विषयमा यस गाउँपालिकाको .......को मिति ........ मा प्रकाशन गरिएको बिउपूजी कोष परिचालन कार्यक्रममा सहभागी हुन तपसिलको कागजात सहित यो निवेदन पेश गरेको छु ।

**तपसिलः**

१. बिउँपुजी मागको आवेदन ।
२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्था (कृषक समूह/निजि कृषि फार्म) को हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्था (कृषक समूह/निजि कृषि फार्म)को हकमा स्थायी लेखा नम्बर(PAN),
४. संस्थाको (कृषक समूह/निजि कृषि फार्म)हकमा लेखा परिक्षणको प्रमाणित प्रतिलिपि,
५. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/साझेदारी फर्मको हकमा),
६. अनुसूची -३ अनुसारको आवेदन,
७. व्यवसायीक योजना,
८. प्रतिबद्धता पत्र वा स्व-घोषणा पत्र ।
९. बैक सुरक्षण,
१०. सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र।

निवेदकः
नामः
ठेगानाः

बागमती गाउँपालिका, मकवानपुर

## अनुसुची –४

**<u>(दफा ६ को उपदफा ४ सगँ सम्बन्धित)</u>**

**<u>सम्झौता पत्र</u>**

यो सम्झौता (यसपछि सम्झौता भनिएको) मिति ........ साल ....... महिनाको ..... गतेका दिन (सम्बन्धित कार्यालयको नाम तथा ठेगाना) ................................ (यसपछि प्रथम पक्ष भनिएको ) र (लाभग्राहीको नाम तथा ठेगाना)..............................(यसपछि द्वितिय पक्ष भनिएको) बिच... ............व्यवसाय सञ्चालनको लागि कुल रकम.....को ..............प्रतिशतले हुन आउने वा (बढीमा रु. १० लाख/रु. १ करोड)..............प्रथम पक्षले दोश्रो पक्षलाई प्रदान गर्न देहाय बमोजिमका शर्तहरुको पालना गर्ने गरी यो सम्झौता गरिएको छ । यो सम्झौता दुबै पक्षहरुबाट हस्ताक्षर भएको मिति देखि लागु हुनेछ ।

१. यो सम्झौता,सम्झौता भएको मिति वाट लागू हुनेछ ।
२. सम्झौता भएको मितिले सम्झौता अनुसारका क्रियाकलापहरु गर्न् सुरु गर्नुपर्नेछ । शुरु मितिः र...............सम्पन्न हुने मितिः............................
३. व्यवसायको कुल लागतरु. ............ (अक्षेरुपी रु....................) रहेको छ।
४. दोश्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्ने छ|
५. यो सम्झौता, दुवै पक्षको आपसि समझदारीमा संशोधन गर्न सकिनेछ ।
६. यस सम्झौतामा उल्लेख भएका देखि अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ

(यस सम्झौतालाई आवश्यकता अनुसार परिमार्जन गर्न सकिने छ )

| <u>पहिलो पक्षको तर्फबाट</u> | <u>दोस्रोपक्षको तर्फबाट</u> |
|---|---|
| दस्तखत : | दस्तखतः |
| नाम : | नामः |
| पद : | पदः |
| कार्यालय : | संस्थाः |
| छाप : | छाप : |

रोहवर

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची ५ क

## कार्यक्रमको संक्षिप्त कार्ययोजना (पशु पालन हकमा )

**१.आवेदक संस्था :**

**१.१ आवेदक संस्थाको नामतथा ठेगाना :**

| |
|---|
| **आवेदक संस्थाको नाम :** |
| **ठेगााना :** |
| **संस्थादर्ता भएको मिति र निकाय :** |
| **सम्पर्क व्यक्तिको नाम र पद :** |
| **सम्पर्क नं. :** |
| **इमेल :** |
| **कार्यक्रमहुने स्थान :** |

**१.२ सञ्चालक समिति/कार्य समिति पदाधिकारीहरुको नामावली**

| क.स. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**१.३ शैक्षिक योग्यता र सम्बन्धीत क्षेत्रमा तालिम**

| क.स. | नाम | लिङ्ग | पद | शैक्षिक योग्ता | तालिम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | तालिमको विषय | तालिमको अवधि | तालिम दिने निकाय |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रस्ताव पेश गर्ने सञ्चालक समितिको निर्णय र निर्णय मिति :

साधरण सदस्य संख्या : क) पुरुष ..................... ख) महिला .................

शेयर सदस्य संख्या क) पुरुष ...................... ख) महिला .....................

१.३ स्थापना कालका कियाकलापहरु ........................................................

१.४ हालकाकियाकलापहरु ...................................................................

१.५ हाल सम्म सम्पन्नमुख्यमुख्यकार्यहरु ..............................................

**२.पशुपन्छी तथा मत्स्य पालनको अवस्था :**

| क.स. | पशु प्रजाति | हाल पालिरहेको संख्या/क्षेत्रफल | कार्यक्रम पश्चात पालिने संख्या/क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| | | | | पशुपन्छीको शारिरिक अवस्था (पाठा/पाठी/माउ/भाले/आदी छुटाछुटै उल्लेख गर्नुपर्ने छ। |
| | | | | |
| | | | | |

**३.जग्गा सम्बन्धी विवरण :**

| क.स. | जग्गाधनिको नाम | जग्गाको क्षेत्रफल | कित्ता नं. | कैफियत |
|---|---|---|---|---|
| (क) | भौतिक संरचना | | | |
| | | | | |
| | | | | |
| (ख) | घाँस खेति | | | |
| | | | | |
| | | | | |
| | | | | |

**४.ऋृण लिईएको विवरण :**

**ईजाजतप्राप्त बैंक तथा वित्तिय संस्थावा सहकारीबाट लिएको ऋृणको विवरण :**

| **क.स.** | **ऋृण लिइएको उदेश्य** | **रकम रु.** | **ऋृण लिएको अवधि** | **सम्पुर्ण ऋृण चुक्ता गरेको मिति** | **ऋृण रकमले सम्पन्न गरेका कियाकलापहरु** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**५.रोजगारीको अवस्था (संचालक/कार्य समितिबाहेक)**

| **क.स.** | **पद** | **शैक्षिक योग्यता** | **महिला/पुरुष** | **सम्बन्धित क्षेत्रमाकार्य अनुभव** |
|---|---|---|---|---|
| **हालको रोजगारीको अवस्था** | | | | |
| | | | | |
| | | | | |
| **कार्यक्रम सञ्चालन पश्चात थप रोजगारीको अवस्था** | | | | |
| | | | | |
| | | | | |

**६.चरण क्षेत्र मेशिनरी औजार तथा नविनतम प्रविधिको प्रयोग :**

क)चरण क्षेत्र र घाँस खेतिको क्षेत्रफल ...............................................

ख)प्रमुख घाँसकाजातहरु ................................................................

ग) सञ्चालनमा आएका मेशिनरी औजारहरु ………………………………….

**७.वातावरणीय तथा सामाजिक जोखिम न्यूनिकरण :**

कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता वातावरणीय तथा सामाजिक जोखिम आउन सक्छन ? र ती जोखिम न्यूनिकरण गर्नका लागि के के योजना छन ?

**८.वर्तमान समस्याहरु :**

………………………………………………………………………………

…………………………………………………………………………………

(उत्पादन तथा बजारीकरण संग जोडिएका समस्याहरु उल्लेख गर्न सकिने ।

८.१ पहिचान भएका समस्याहरुको समाधानका लागि बनाइएका योजनाहरु :

| क.स. | समस्याहरु | हाल गरिएका पहल | समस्या समाधानका लागि बनाइएका योजनाहरु |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

**९.कार्यक्रमबाट हासिल हुने अपेक्षित प्रतिफेल :**

| **क.स.** | **कियाकलापको नाम** | **आधार रेखा ( हालको अवस्था)** | **कर्यक्रम सञ्चालन पछिको अपेक्षित प्रतिफल** | | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| **(नोट : प्रस्तावित कार्यक्रम अनुसार मेल खाने र भए गरेका कियाकलापहरु मात्र उल्लेख गर्नु पर्ने ।)** | | | | | | |

**१०.उत्पादित वस्तुहरुको बजारीकरणको योजना**

| **क.स.** | **उत्पादित बस्तु** | **उत्पादन परिणाम** | **उत्पादित बस्तुको बजार** | **खरिद कर्ता संग भएको सम्झौता** | **बजारीकरणको योजना** |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

**११.साझेदारीमा लगानी गर्नु पर्ने रकमको सुनिच्छितता (आवेदकले लगानी गर्ने )**

बागमती गाउँपालिका मकवानपुर

| क.स. | आवेदकले लगानी गर्ने रकम | रकम प्राप्ति रकम | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

**१२.आर्थिक प्रस्ताव**

| क.स. | कियाकलाप | इकाई | परिणाम | अनुदान रकम | स्व लगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची ५ ख

**कार्यक्रमको संक्षिप्त कार्ययोजना (कृषि व्यवसायीको हकमा )**

**१.आवेदक संस्था :**

**१.१ आवेदक संस्थाको नामतथा ठेगाना :**

| |
|---|
| **आवेदक संस्थाको नाम :** |
| **ठेगााना :** |
| **संस्थादर्ता भएको मिति र निकाय :** |
| **सम्पर्क व्यक्तिको नाम र पद :** |
| **सम्पर्क नं. :** |
| **इमेल :** |
| **कार्यक्रमहुने स्थान :** |

**१.२ सञ्चालक समिति/कार्य समिति पदाधिकारीहरुको नामावली**

| क.स. | नम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**१.३ शैक्षिक योग्यता र सम्बन्धीत क्षेत्रमा तालिम**

| क.स. | नाम | लिङ्ग | पद | शैक्षिक योग्ता | तालिम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | तालिमको विषय | तालिमको अवधि | तालिम दिने निकाय |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रस्ताव पेश गर्ने सञ्चालक समितिको निर्णय र निर्णय मिति :......................

साधरण सदस्य संख्या : क) पुरुष ..................... ख) महिला ................

शेयर सदस्य संख्या क) पुरुष ...................... ख) महिला .....................

१.३ स्थापना कालका कियाकलापहरु .......................................................

१.४ हालका कियाकलापहरु ................................................................

१.५ हालसम्म सम्पन्न मुख्य मुख्य कार्यहरु .............................................

**२.हाल भईरहेको खेतीको अवस्था :**

| क.स. | विवरण | हाल खेती गरीरहेको क्षेत्रफल | कार्यक्रम पश्चात खेती गरीने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | तरकारी खेति | | | |
| २ | अन्न बालि | | | |
| ४ | फलफुल | | | |

**३.जग्गा तथा भौतिक संरचना सम्बन्धी विवरण :**

| क.स. | जग्गा धनिको नाम | जग्गाको क्षेत्रफल | कित्ता नं. | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| (क) | भौतिक संरचना | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| (ख) | खेति अवस्था | | | |
| | | | | |
| | | | | |
| | | | | |

**४.ऋण लिईएको विवरण :**

**ईजाजतप्राप्त बैंक तथा वित्तिय संस्थावा सहकारीबाट लिएको ऋणको विवरण :**

| क.स. | ऋण लिइएको उदेश्य | रकम रु. | ऋण लिएको अवधि | सम्पुर्ण ऋण चुक्ता गरेको मिति | ऋण रकमले सम्पन्न गरेका कियाकलापहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**५.रोजगारीको अवस्था (संचालक/कार्य समितिबाहेक)**

| क.स. | पद | शैक्षिक योग्यता | महिला/पुरुष | सम्बन्धित क्षेत्रमाकार्य अनुभव |
|---|---|---|---|---|
| हालको रोजगारीको अवस्था | | | | |
| | | | | |
| | | | | |
| कार्यक्रम सञ्चालन पश्चात थप रोजगारीको अवस्था | | | | |
| | | | | |
| | | | | |

**६. मेशिनरी औजार तथा नविनतम प्रविधिको प्रयोग :**

**७.वातावरणीय तथा सामाजिक जोखिम न्यूनिकरण :**

कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता वातावरणीय तथा सामाजिक जोखिम आउन सक्छन ? र ती जोखिम न्यूनिकरण गर्नका लागि के के योजना छन ?

**८.वर्तमान समस्याहरु :**

..........................................................................................

..............................................................................................

(उत्पादन तथा बजारीकरण संग जोडिएका समस्याहरु उल्लेख गर्न सकिने ।

८.१ पहिचान भएका समस्याहरुको समाधानका लागि बनाइएका योजनाहरु :

| क.स. | समस्याहरु | हाल गरिएका पहल | समस्या समाधानका लागि बनाइएका योजनाहरु |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

**९.कार्यक्रमबाट हासिल हुने अपेक्षित प्रतिफल :**

| क.स. | कियाकलापको नाम | आधार रेखा (हालको अवस्था) | कर्यक्रम सञ्चालन पछिको अपेक्षित प्रतिफल | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| (नोट : प्रस्तावित कार्यक्रम अनुसार मेल खाने र भए गरेका क्रियाकलापहरु मात्र उल्लेख गर्नु पर्ने ।) | | | | | | |

१०.उत्पादित वस्तुहरुको बजारीकरणको योजना

| क.स. | उत्पादित बस्तु | उत्पादन परिणाम | उत्पादित बस्तुको बजार | खरिद कर्ता संग भएको सम्झौता | बजारीकरणको योजना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

११.साझेदारीमा लगानी गर्नु पर्ने रकमको सुनिच्छितता (आवेदकले लगानी गर्ने )

| क.स. | आवेदकले लगानी गर्ने रकम | रकम प्राप्ति रकम | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

१२.आर्थिक प्रस्ताव

| क.स. | क्रियाकलाप | इकाई | परिणाम | अनुदान रकम | स्व लगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

बागमती गाउँपालिका, मकवानपुर

**अनुसूची ६**
**स्व -घोषणा पत्र**

**श्रीमान् कार्यालय प्रमुख ज्यू ,**
बागमती गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
झुरझुरे, मकवानपुर।

**प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ............................ का दिन ............... प्रकाशित सूचना अनुसार .................................. स्थित .........................ले .............................................. कार्यक्रम प्रस्ताव पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु/छौं यस स्व घोषणामा केहि झुठा पाईएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु।**
**तपसिल :**
**१.यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनैपनि प्रतिकुल असर गर्ने छैन ।**
**२. कुनै पनि वित्तिय संस्था वा सरकारी निकायको कालो सूचिमा परेको छैन ।**
**३.गाउँपालिका बाट भुक्तानी भएको वीउँ पुंजी बापतको रकम कार्यालयले तोकिएको समय भित्र फिर्ता गर्ने छु।**

**औंठा छाप**

| दायाँ | बायाँ |
|---|---|
| | |

**आवेदकको नाम :**

पद :

संस्थाको नाम :

संस्थाको छाप :

सम्पर्क नं. :

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची ७

### बागमती गाउँपालिकाको कार्यालय देखि कार्यक्रम सञ्चालन गरिने सथान सम्मको नक्सा

उत्तर

बागमती गाउँपालिका, मकवानपुर

**अनुसूची ८**

**स्थलगत प्रमाणीकरण प्रतिवेदन**

कार्याक्रमको नाम :

आवेदक संस्थाको ठेगाना :

स्थलगत प्रमाणिकरण मिति :

१.भौतिक पुर्वाधारको अवस्था :

| भौतिक पूर्वाधार | भएको/नभएको | कैफियत |
|---|---|---|
| बाटो | | |
| बिजुली | | |
| पानी | | |
| बजार सुविधा | | |
| ........................... | | |

२. खेतिको अवस्था :

| | क्षेत्रफल | बार्षीक उत्पादन | कैफियत |
|---|---|---|---|
| तरकारी खेती | | | |
| फलफुल खेती | | | |
| खाद्यान्न बाली | | | |
| घाँस खेति | | | |
| जग्गाको स्वामित्व | | | |

**३. पशुपालन तथा उत्पादनको अवस्था**

| पशु प्रजाती | पशु संख्या | | | कैफियत |
|---|---|---|---|---|
| | माउ | गोरु/रागा | बाछा/बाछी,पाडा/पाडी | |
| गाई | | | | |
| भैंसी | | | | |
| बाख्रा | | | | |

**४. प्रयोग भईरहेको मेशिनरी औजार/उपकरणहरु**

| नाम | संख्या |
|---|---|
| | |
| | |
| | |
| | |

**५.भौगोलिक हिसाब उपयुक्तता भए/नभएको ....................................................**

६.संस्थाले गरेका नविनतम कार्यहरु ....................................................

७.स्थलगत निरिक्षण टोलिको राय :

छनौटका लागि सिफारिस गर्न उपयुक्त रहेको/नरहेको ..................................

८.स्थलगत निरिक्षण गर्ने पदाधिकारीहरुको विवरण

| नाम | पद | कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची ९ क

## साझेदार संस्थाको मुल्याङ्कन गर्ने आधारहरु (पशुपालन व्यवसायीको हकमा )

कार्यक्रमको नाम :
आवेदक संस्थाको नाम :
मिति :

| क.स. | सूचक | अधिकतम अंक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | संस्थामा हाल उपलब्ध भौतिक पूर्वाधार बाटो,विजुली,पानी,बजार सुविधा आदि । | १० | | |
| २. | उन्नत भुइ तथा डाले घाँस खेतिको क्षेत्रफल | २० | | |
| ३. | पशु आहारा व्यवस्थापन | १० | | |
| ४. | संस्था दर्ता अवधि (संस्था दर्ता अवधि ५ बर्ष वा सो भन्दा बढि भएमा पुर्ण अंक मानी मुल्याङ्कन गरिने | ५ | | |
| ५. | जैविक सुरक्षाको अवस्था तथा उपयोग | १० | | |
| ६. | मेशिनरी औजारको प्रयोग | १० | | |
| ७. | बैदेशिक रोजगारीबाट फर्की पशु व्यवसायमा आवद्ध (५ बर्ष भन्दा बढि अवधिलाई पुर्ण अंक मानी | ५ | | |
| ८. | सम्बन्धित क्षेत्रमा तालिम | १० | | |
| ९. | कार्ययोजना | २० | | |
| | **कुल** | **१००** | | |

बागमती गाउँपालिका, मकवानपुर

**अनुसूची ९ ख**

**साझेदार संस्थाको मुल्याङ्कन गर्ने आधारहरु** (कृषि व्यवसायको हकमा )

कार्यक्रमको नाम :
आवेदक संस्थाको नाम :
मिति :

| क.स. | सूचक | अधिकतम अंक | प्राप्ताङ्क अंक | कैफियत |
|---|---|---|---|---|
| १. | संस्थामा हाल उपलब्ध भौतिक पूर्वाधार बाटो,विजुली,पानी,बजार सुविधा आदि । | १० | | |
| २. | कम्तीमा १ रोपनी जग्गामा तरकारी खेती गरीरहेको ( ५ बर्ष लाई आधार वर्ष मानी) | १० | | |
| ३ | टनेल घर,थोपा सिचाई,मल्चिङ्ग प्रयोग गरी खेती गरीरहेको (५ वटा टनेलघर भएमा पुर्ण अंक मानी मुल्याङ्कन गरिने ) | १० | | |
| ४ | तरकारी खेती गर्ने जग्गामा १२ महिना नै सिचाईको व्यवस्था भएको | १० | | |
| ५ | कम्पोष्ट तथा गोबर मलको अवस्था | १० | | |
| ६. | संस्था दर्ता अवधि (संस्था दर्ता अवधि ५ बर्ष वा सो भन्दा बढि भएमा पुर्ण अंक मानी मुल्याङ्कन गरिने ) | ५ | | |
| ७. | जैविक सुरक्षाको अवस्था तथा उपयोग | ५ | | |
| ८. | मेशिनरी औजारको प्रयोग | ५ | | |
| ९. | सामुहिक वा क्लस्टर खेतीको सम्भावना | ५ | | |
| १०. | रोजगारी सिर्जना | ५ | | |
| ११ | बैदेशिक रोजगारीबाट फर्की कृषि व्यवसायमा आवद्ध (५ बर्ष भन्दा बढि अवधिलाई पुर्ण अंक मानी ) | १० | | |
| १२ | सम्बन्धित क्षेत्रमा तालिम | ५ | | |
| १३ | कार्ययोजना | १० | | |
| **कुल** | | **१००** | | |

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बागमती प्रदेश, मकवानपुर